# प्रेस विज्ञप्ति

## दण्डहीनतालाई प्रश्रय दिनेकार्य बन्द गर !

मिति: २०७५। ०२। ११

गणतन्त्र दिवशको अवशर पारेर नेपाल सरकारले उज्जनकुमार श्रेष्ठको हत्यामा दोषी ठहर भई कारागारमा रहेका तत्कालीन माओवादीका नेता वालकृष्ण ढुङ्गेललाई आममाफी दिने सिफारिस गर्न लागेको समाचारप्रति जवाफदेही निगरानी समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

स्मरणरहोस २०७२ पौष २३ गते तत्कालीन डा.बाबुराम भट्टराई सरकारले निज ढुङ्गेललाई आममाफी गर्न राष्ट्रपतिलाई गरेको सिफारिस बिरुद्ध परेको रिट निवेदनमा तत्कालीन प्रधान न्यायाधीस कल्याण श्रेष्ठ, न्यायाधीस सुशिला कार्की, बैद्यनाथ उपाध्याय, गोपाल पराजुली र ओमप्रकाश मिश्रको संबैधानिक ईजलासले गरेको फैसला विपरित पुनः सिफारिस वर्तमान सरकारले गरेकोमा निगरानी समिति घोर आपत्ति प्रकट गर्दछ ।

ढुङ्गेलको सजाय माफी गर्ने बर्तमान सरकारको सिफारिस सम्मानित अदालतको उक्त फैसलामा संविधानको धारा २७६ अनुसार '...कानुन बमोजिम सजायलाई माफी, मुल्तबी, परिवर्तन वा कम गर्न....' अधिकारको प्रयोग संबैधानिक प्रावधान अनुसार **कानुन बनाएर मात्र प्रयोग गर्नु** भन्ने आदेशको वर्खिलाफ छ । साथै, सरकारको उक्त सिफारिस नेपालको संविधानले प्रत्याभुत गरेको पीडितको अधिकार र समानताको मौलिक हक, नेपालको प्रचलित कानुन्, मानव अधिकारको विश्वब्यापि घोषणापत्र, नेपाल पक्षराष्ट्र रहेका अन्तर्राष्ट्रिय मानवीय कानुन, अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतक अधिकार माहासन्धि समेत विरुद्धमा रहेको छ ।

सम्मानित अदालतबाट भएका फैसला तथा अन्तर्राष्ट्रिय कानुनको सम्मान र पालना गर्नु राज्यको कर्तब्य हो । कानुनी सर्वोच्चतालाई आत्मासात गर्नुको विकल्प छैन र हुँदैन पनि । गम्भीर अपराधमा संलग्न निज ढुङ्गेलले हालसम्म कुनै पश्चातापसमेत गरेको पाईदैन बरु सार्वजनिकरुपमा संबन्धित न्यायाधीसहरुलाई उल्टै भौतिक आक्रमण गर्ने धम्की दिदै आएका छन् ।

तर हालसालै सरकारबाट निज ढुङ्गेललाई आममाफीको सिफारिस गर्ने समाचारबाट कानुनी शासन र सरकार स्वयंले घोषणा गरेको सुशासनको ठीक विपरित हुने र दण्डहिनताले प्रश्रय पाउँने निश्चित छ । त्यसैले पीडितको मर्म-भावना, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन र सर्वोच्च अदालतको आदेश विपरित उक्त सिफरिस तत्काल फिर्ता लिएर नागरिकको मानव अधिकारको सम्मान गर्न र थाति रहेको संक्रमणकालीन न्यायलाई नबिथोली पीडित-मैत्री बनाउन सरकारसँग समिति जोडदार माग गर्दछ ।

जवाफदेही निगरानी समितिको तर्फबाट

चरण प्रसाई, संयोजक